# किरात राई यायोक्खा बेलायत केन्द्रीय कार्यसमितिको वार्षिक कार्य प्रगति तथा सांगठानिक प्रतिवेदन-२०२०

मिति : १९ डिसेम्बर २०२०

**१. सम्बोधन** : किरात राई यायोक्खा बेलायत केन्द्रीय कार्यसमितिको बार्षिक साधारण सभा-२०१९ का सभाध्यक्ष-आदरणीय कार्यवाहक अध्यक्ष ज्यु, यस वार्षिक साधारण सभाका प्रमुख अतिथि सम्माननीय पूर्खा, संस्थाका पूर्व अध्यक्ष ज्युहरु, निवर्तमान अध्यक्ष ज्यु, प्रमुख सल्लाहकार ज्यु, सल्लाहकार ज्युहरु, कार्यसमितिका सम्पुर्ण पदाधिकारी/सदस्य ज्युहरु, किराया प्राकासहरुबाट उपस्थित अध्यक्ष/प्रतिनिधि ज्युहरु, भाषिक संस्थाहरुबाट उपस्थित अध्यक्ष/प्रतिनिधि ज्युहरु, किरात राई साँस्कृतिक कलाकार संघका अध्यक्ष/प्रतिनिधी ज्युहरु किरात राई तायामा खियामा महिला समिति बेलायतका अध्यक्ष/प्रतिनिधि ज्युहरु, बोर्ड अफ डाइरेक्टर ज्युहरु, संस्थाका विशिष्ट संरक्षक सदस्य ज्युहरु लगायत उपस्थित सम्पुर्ण किरात राई महिला तथा सज्जन बृन्दहरुमा संस्थाको तर्फबाट र मेरो ब्यक्तिगत तर्फबाट हार्दिक सेवा तथा न्यानो अभिवादन ।

**२. पृष्ठभूमि** : ब्रिटेन अर्थात संयुक्त अधिराज्य (बेलायत) मा बसोबास गर्ने हामी किरात राईहरुको साझा प्रतिनिधिमुलक संस्था किरात राई यायोक्खा बेलायत सन २००४ मा स्थापना भएको थियो । बेलायतमा बसोबास गर्ने बहुभाषिक किरात राई जातिको भाषा, धर्म, कला, संस्कार, संस्कृति, इतिहास आदिको जगेर्ना गर्दै, आपतविपतमा परस्पर सहयोग आदान-प्रदान गर्ने उदेस्य सहित स्थापना भएको संस्थाले करिव १६ वर्ष पार गरिसकेको छ । संस्थाले सातौं सम्मेलन सम्म सम्पन्न गरिसकेको छ । मिति ८ सेप्टेम्बर २०१८ मा सम्पन्न सातौ सम्मेलन बाटै अहिलेको कार्यसमिति चयन भएर आएको थियो । र यस कार्यसमितिले संस्थाको पहिलो वार्षिक साधारण सभा मिति ७ सेप्टेम्बर २०१९ मा सम्पन्न गरेको थियो । भने गएको ७ सेप्टेम्बरमा सम्पन्न भैसक्नु पर्ने आजको वार्षिक साधारण सभा विविध कारणले स्थगित हुदै आएको थियो ।

**३. किराया बेलायतको वर्तमान अवस्था :**

**३.१. केन्द्रीय कार्यसमिति** : संस्थाको सातौं सम्मेलन, मिति ८ सेप्टेम्बर २०१८ बाट ३२ सदस्सीय कार्यसमिति तीन बर्षका लागि चयन भएको थियौ भने विधानगत ब्याबस्थाको आधारमा वर्तमान किराया बेलायत केन्द्रीय कार्यसमिति ४६ सदस्सीय बन्न पुगेको थियो । जसमा अध्यक्ष-१, उपाध्यक्ष-



किरात राई यायोक्खा बेलायत केन्द्रीय कार्यसमिति
www.kryuk.org
E-mail: kiraya.uk@gmail.com
Gambles Lane Ripley Woking GU23 6HS

१०, महासचिव-१, उपमहासचिव-२, सचिव-१, कोषाध्यक्ष-१, सहकोषाध्यक्ष-२ गरी १८ जना पदाधिकारी र निर्वाचित केन्द्रीय सदस्यहरुमा-१८ जना, भाषिक थरगत संस्थाबाट मनोनित-८ जना, भातृ संगठनबाट मनोनित-२ जना रहेकोमा, हाल आएर अविश्वासको प्रस्ताव मार्फत अध्यक्ष र संस्थागत निर्णयबाट एक सदस्य पदच्युत गरिएपछि अहिले कुल ४४ सदस्सीय केन्द्रीय कार्यसमिति रहेको छ । जसमा १० जना महिला अर्थात करिव २३ प्रतिशत महिला समावेसिता रहेको छ ।

**३.२. किराया बेलायत प्रारम्भिक कार्यसमितिहरु** : किराया बेलायत केन्द्रीय कार्यसमितिको मातहतमा अहिले १४ प्रारम्भिक कार्य समितिहरु रहेका छन । जो यस प्रकार रहेका छन : किरात राई यायोक्खा प्रारम्भिक कार्यसमिति **अक्सफोर्ड, आश्फोर्ड, बेजिङ्स्टोक, फोक्स्टन, ग्रेटर रस्मोर, ग्रेस, क्यान्टवरी, लन्डन, मिड्वे, मेडिस्टोन, ननिटन, स्वीन्डन, रिडिङ र वोकिङ** रहेका छन ।

**३.३ किराया बेलायतमा आवद्ध भाषिक संस्थाहरु** : किराया बेलायतमा आवद्ध भाषिक संस्थाहरु जम्मा ८ वटा रहेका छन । जो निम्न अनुसार रहेका छनः किरात राई चाम्लिङ खाम्बातिम बेलायत, बाहिङ किरात मुलुखिम युके, किरात पुमा राई तुप्खाबाङ्खाला युके, कोयी/कोयु समाज (सिउरीमेना चिचा) युके, मेवाहाङ राई याखोम्मा युके, किरात साम्पाङ राई जुम्लेखा बेलायत, थुलुङ राई सामा युके र वाम्बुले राई समाज युके ।

**३.४ भातृ संस्थाहरु** : किराया बेलायतको जम्मा दुई भातृ संस्थाहरु रहेका छन । जो यस प्रकार रहेका छनः किरात राई साँस्कृतिक कलाकार संघ युके र किरात राई तायामा खियामा (महिला) समिति बेलायत ।

**३.५ किराया बेलायतको जग्गा/भुमी ब्यबस्थापन समिति** : किराया बेलायत अन्तर्गत किरात राई यायोक्खाको जग्गा/भुमीलाई बेलायतको सरकारी ऐन नियम सम्मत यद्यावधिक गर्न बनेको संचालक समिति बोर्ड रहेको छ । जसको नाम *किरात राई माङ्खिम एण्ड साकेला-स्थल म्यानेजमेन्ट* (KRMSM) *कम्युनिटी इन्ट्रेस्ट कम्पनी* (CIC) हो । यसैको मातहतमा किरात राई माङ्खिम तथा साकेला-स्थल ब्यबस्थापन समिति रहेको छ । जसले यस जग्गाको रेखदेख, यहाँ भएका पुर्वाधारहरुको सुधार तथा मरम्मत सम्हार गर्दै आईरहेको छ ।

**३.६. विशिष्ट संरक्षक सदस्य, संरक्षक सदस्य, आजीवन र साधारण सदस्य** : किराया बेलायतको विशिष्ट संरक्षक सदस्य-७३ जना, संरक्षक सदस्य-३ जना, आजीवन सदस्य-१४२५ जना र साधारण सदस्य-१५८ जना गरी जम्मा सदस्य संख्या १६५९ रहेकोमा, यस वर्ष केहिले सदस्यता नविकरण र केहि नयाँ सदस्य (१६४ जना) थपिएर जम्मा सदस्य संख्या १६९९ जना पुग्न गएको छ ।

**४. माहामारी र द्वन्द्वको बर्ष** : संस्थाको यो बर्ष अर्थात मिति ७ सेप्टेम्बर २०१९ (पहिलो वार्षिक साधारण सभा) यता, हाम्रो समुदाय र साझा संस्थाले धेरै दुःख झेलेको बर्ष अर्थात माहामारी र द्वन्द्वको बर्ष बनेको छ ।



*किरात राई यायोक्खा बेलायत केन्द्रीय कार्यसमिति*
www.kryuk.org
E-mail: kiraya.uk@gmail.com
Gambles Lane Ripley Woking GU23 6HS

**४.१ माहामारीको बर्ष :** चीनको वुहान शहरमा गत वर्ष २०१९ को डिसेम्बरमा देखा परेको नोवल कोरोना भाइरस (कोभिड-१९) रोग, पश्चात माहामारीको रुपमा विश्वभर फैलिएको थियो । ब्रिटेनमा यो रोग यसै बर्ष (सन २०२० को) को जनवरीको अन्ततिर देखा परेको थियो । यो रोगको उपचार पत्ता लागि नसकेको, रोक थामको लागि खोप (Vaccine) यसै बर्षको अन्ततिर मात्र प्रयोगमा ल्याईएकोले, यसले जन-धनमा ब्यापक क्षति पुऱ्याएको छ । अहिले पनि ब्रिटेनमा यो रोग तीब्र गतिले फैलिरहेको समाचारहरु प्रकासमा आईरहेकै छन ।

पछिल्लो सरकारी तथ्याङ्क अनुसार ब्रिटेनमा यस कोभिड-१९ रोगबाट संक्रमित हुनेहरुको संख्या १९,५४,२६८ (करिव दुई मिलियन) पुगेको छ भने यसबाट ज्यान गुमाउनेहरुको संख्या ६६,१५० पुगिसकेको छ । यो रोगको संक्रमणबाट ब्रिटेनमा बसोबासगर्ने धेरै किरात राईहरुले समेत ज्यान गुमाईसकेका छन ।

माहामारी रोग, नोवल कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण ज्यान गुमाउने ति सम्पुर्ण किरात राई दाजुभाई तथा दिदी बहिनीहरु साथै गैह्र किरात राई सम्पूर्णमा संस्थागत तर्फबाट हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दै शोक सन्तप्त परिवारमा गहिरो संवेदना प्रकट गर्दछौ ।

**४.१.१ माहामारी र संस्थागत कार्यक्रम** : माहामारी रोग कोरोना भाइरस यस बर्षको सुरुवातबाटै ( ब्रिटेनमा) फैलदै गएर जन-धनको ब्यापक विनास गर्दै ल्याए पछि, सरकारले सचेतना जगाउदै अनेक प्रतिबन्धहरु समेत लागु गर्दै ल्याए पछि संस्थाले गर्ने, गर्दै आएको बर्ष भरिको सबै नियमित कार्यक्रमहरु रद्द गर्नु, गर्दै आउनु परेको थियो । जन स्वास्थको दृष्टिकोणले पनि संस्थाका यी निर्णयहरु सहि रहेका थिए । संस्थाको यो बर्ष करिव-करिव शुन्य क्रियाकलाप रहेको छ ।

**४.२ द्वन्द्वको बर्ष :** संस्थाको करिव १६ बर्षको इतिहासमा यो वर्ष (२०१९/२०) द्वन्द्वको वर्ष बन्यो भन्दा अत्युक्ति नहोला ।

**४.२.१ निर्णय उल्टाउदा-द्वन्द्व शुरु :** संस्थाको अघिल्लो कार्यसमितिले टुङ्याई किनारा लाईसकेको एउटा मामलालाई यस कार्यसमितिका केहिले पहिले नजाने जस्तो गरी र पछि त्यस निर्णय भित्रको निहित स्वार्थ समेत देखिने गरी निर्णय उल्ट्याईयो । जसलाई चरणवद्ध प्रक्रियामा अन्तर्गत पारेर छिटो पारित गर्ने कोसिस भयो । निर्णय उल्टाउनुनै ठूलो त्रुटि थियो भने पछिल्लो प्रक्रियाहरुमा समेत कार्यसमिति पुरै विभाजित थियो । चर्को मतभिन्नता सहित द्वन्द्व शुरु भयो ।

**४.२.१.१ निर्णय, परिस्थिति अनि परिणाम** : मिति १८ मे २०१९ मा भएको घट्नाले, समन्वय समितिको गठन मिति २९ जुन २०१९ सम्म पुऱ्यायो । समन्वय समितिले मिति २१ सेप्टेम्बर २०१९ मा आफ्नो प्रतिवेदन बुझायो । त्यसै दिन निर्णय भएको प्रचार अझै पनि जारी छ । निर्णय (विवादित) भएको जानकारी सार्वजनिक गरिएपछि मिति १ अक्टोबर २०१९ मा निवर्तमान/प्रमुख सल्लाहकारद्वारा राजिनाम । मिति २ नोभेम्बर २०१९ को बैठकमा निर्णय पुनर्विचार गर्न तत्कालीन अध्यक्षलाई मौका

दिइएको तर तत्कालीन अध्यक्षले बलजफ्ति अवैधानिक निर्णय दिएको, जस्लाई अस्विकार गर्दै बैठक बहिस्कार गरिएको । तत्कलीन वरिष्ठ उपाध्यक्षको विशेष पहल, मिति ३० नोभेम्बर २०१९ मा समस्या समाधानको उपाय सहित तत्कालीन अध्यक्षलाई दश बुँदे अनुरोध पत्र । तत्कालीन अध्यक्षद्धारा बेवास्ता । मिति ६ डिसेम्बर २०१९ का दिन तत्कालीन अध्यक्ष उपर कार्यसमितिको एक तिहाई पदाधिकारी सदस्यहरुद्धारा विधान सम्मत अविश्वासको प्रस्ताव पेश । अध्यक्ष उपरको अविश्वासको प्रस्ताव मिति २२ डिसेम्बर २०१९ मा आधिकारीक टेबल । संस्थाको कार्यबाहक अध्यक्षमा तत्कालीन वरिष्ठ उपाध्यक्ष । मिति १९ सेप्टेम्बर २०२० मा साधारण सभा, उक्त साधारण सभाले दिएको जनादेश अनुसार तत्कालीन अध्यक्ष मिति ३ अक्टोबर २०२० देखि पदमुक्त । कार्यबाहक अध्यक्षद्धारा निरन्तर जिम्मेवारी वहन ।

**५. ऐतिहासिक निर्णय-संकल्प प्रस्ताव** : किराया बेलायत संस्थाको विधान, संस्थाको वर्तमान अवस्था, यसबाट उत्पन्न निराशा र समुदायमा परेको नकरात्मक प्रभाव, मिल्ने मिलाउने अनेक कोशिश, मिल्ने चाहाना, स्थायी शान्तिको चाहाना, संस्था सुद्धिकरणको चाहाना, वृहत एकता, सामाजिक न्याय सहितको किरात राई इन्द्रेणी समाजको परिकल्पना आदिलाई मध्यनजर गर्दै संस्थाको गत मिति १७ अक्टोबर २०२० बैठकद्धारा एक ऐतिहासिक संकल्प प्रस्ताव पारित गरेको थियो । जसलाई मिति १८ अक्टोबर २०२० मा सार्वजनिक गरिएको थियो । जसमा स्पष्ट उल्लेख थियो कि संस्थाको वर्तमान संगठनात्मक संरचनालाई संघीय संरचनामा रुपान्तरण गर्ने । किरायाको इतिहासमा कोर्स परिवर्तन मानिएको यो संकल्प प्रस्तावलाई अर्थपुर्ण तवरले हेरिदै छ भने निरन्तर चासो र चर्चामा समेत रहदै आएको छ । आजको वार्षिक साधारण सभामा समेत यसलाई विशेष समय छुट्याईएको छ ।

**६. संस्थाको कोष** : किराया बेलायत केन्द्रीय कार्यसमितिको कोषको सम्पूर्ण आय ब्यय विवरण संस्थाको कोषाध्यक्षको प्रतिवेदनमा विस्तारमा पाउनु हुनेछ । कोषाध्यक्षले प्रतिवेदनमा उन्लेख गर्नु भए बमोजिम संस्थाको कोषमा जम्मा रकम अहिले १८,३०६.७ पाउण्ड रहेको छ ।

**७. संस्थाका गतिबिधि तथा उपलब्धि :** संस्थाको वार्षिक क्यालेण्डर अनुसारका सम्पूर्ण कार्यक्रमहरु, गतिविधिहरु संचालन गर्न माहामारी रोग कोभिड-१९ का कारण पाईएनन । तसर्थ संस्थाको गतिविधि सुन्य भयो । तर, संस्था भित्र के कारण द्वन्द्व सिर्जना भयो, अघिल्ला निर्णयहरु के थिए, मतभिन्नताको बढ्नुको कारण के थियो आदि जस्ता किरात राईहरुको आम चासोको विषयमा सत्य तथ्य र प्रमाण सहित सार्वजनिक कार्यक्रम गरेर जानकारी गराउने उदेश्यले मिति १८ जनवरी २०२० मा वृहत जानकारी सभा राखिएको थियो । खास गरी पहिलेको निर्णयलाई, सत्य तथ्यलाई ढाकछोप गर्दै नयाँ भ्रम फैलाउदै द्वन्द्व चर्काउन, आफु राम्रो देखाउन चाहाना राख्नेहरुको विरुद्धमा यो वृहत जानकारी सभा आयोजना गरिएको थियो । अत्यन्त संगठीत सभामा, बक्ताहरुको सिलसिलेवर प्रस्तुतिले धेरैको भ्रम निवारण गरेको र कार्यक्रम अत्यान्त फलदायि भएको उपस्थित किरात राईहरुको धारणा रहेको थियो ।



*किरात राई यायोक्खा बेलायत कैन्द्रीय कार्यसमिति*
www.kryuk.org
E-mail: kiraya.uk@gmail.com
Gambles Lane Ripley Woking GU23 6HS

**८. संस्थाको भावी कार्ययोजनाहरु** : संस्थाले बाँडेको सपना, पुराना थाती/अपुरा कार्ययोजनाहरु लामबद्ध छन । ती सबैको कार्यन्वयन सम्भव छ । तर हामी पहिले मिल्न एक हुन जरुरी छ । तसर्थ संस्थाको अहिले तथा भावी कार्ययोजनाहरु क्रमस :

**क) संस्थाको सुद्धिकरण**
**ख) किरात राई जातिको वृहत एकता**
**ग) नयाँ संघीय संगठनात्मक संरचना** (संस्थाको वर्तमान संगठनात्मक संरचनालाई संघीय संगठनात्मक संरचनामा रुपान्तरण) आदि रहेका छन ।

**९. संस्थाका चुनौती र सम्भावनाहरु** : संस्थाका भावी कार्ययोजनाहरुनै हाम्रा प्रमुख चुनौतीहरु रहेका छन । यिनिहरुको कार्यन्वयनमा आउने चुनौती जसले धेरै कुराको माग गर्नेछ । ति मागहरुमा हामीले त्याग गर्न सक्नु पनि हाम्रो लागि चुनौती रहेको छ । कालो बादल वरीपरि चाँदीको घेरा भनेझै सम्भावना त्यही छ । हजार माईलको यात्रा पनि एक पाइलाबाटै शुरु हुन्छ भने जस्तै हाम्रो यात्रा शुरुभैसकेको छ । कसो नपुगिएला गन्तव्य ।

धन्यवाद, सेवा !

चन्द्रवती राई
महासचिव

चन्द्र बहादुर राई
कार्यवाहक अध्यक्ष



*किरात राई यायोक्खा बेलायत केन्द्रीय कार्यसमिति*
www.kryuk.org
E-mail: kiraya.uk@gmail.com
Gambles Lane Ripley Woking GU23 6HS